# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैवुङ ,रसुवा

बागमती प्रदेश नेपाल
फोन नं. ०१०-५४२०९८
URL: www.kalikamunrasuwa.gov.np
Email : Kalikagaupalika@gmail.com


प.सं :०७८/०७९
च.नं.

मितिः २०७९।०२।०५

## प्रेस वक्तव्य

कालिका गाउँपालिका अन्तरगत मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन २०७९ मा म र हाम्रो पाटी नेपाली कांग्रेसलाई अत्याधिक मतदान गरी कालिका गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा ५ वर्षको लागि निर्वाचित गराउनु भएकोमा सम्पूर्ण कालिका गाउँपालिका वासी मतदाता, आमा बुबा, दाजु भाई, दिदी वहिनी, शुभचिन्तक, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, संचारकर्मी, नेपाली कांग्रेस पाटीका वडा, गाउँपालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिका नेतृत्व वर्गहरुमा मेरो व्यक्तिगत तर्फबाट र सिंगो कालिका गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।साथै निर्वाचनलाई निष्पक्ष र मर्यादित रुपमा सम्पन्न गर्न सहयोग पुर्याउनु भएकोमा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत लगायत निर्वाचनमा खटिनुहुने सबै राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा अन्य सुरक्षाकर्मी, पर्यवेक्षक, प्रतिनिधी सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

साथै कालिका गाउँपालिकाको नवनिर्वाचित उपाध्यक्ष,वडा अध्यक्ष लगायत सम्पूर्ण गाउँ सभा सदस्यहरुलाई हार्दिक वधाईका साथ ५ वर्षे कार्यकालको पूर्ण सफलताको कामना सहित मेरो नेतृत्वमा ५ वर्ष भित्रमा गाउँपालिकाको समृद्धिका लागि मुख्य रुपमा सबै वडामा खोलिएका सडकहरुको स्तरोन्नती गरी वाहै महिना गाडी गुड्ने पक्की सडक बनाउने, सबै खेतीयोग्य जमिनहरुमा सिंचाईको व्यवस्था गर्ने, गाउँपालिका भित्रका गरिब तथा दलित परिवारका बालबालिकाहरुलाई डाक्टर, इन्जिनियर, पाइलट लगायतको प्राविधिक विषय उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्ने, सबै वडाको स्वास्थ्य संस्थाको सेवाको गुणस्तर सुधार गर्दैजाने, ५० वर्ष माथिका नागरिकहरुको निशुल्क स्वास्थ्य विमा गराउन सहयोग गर्ने, जिवजिवे ग्रामिण अस्पताललाई विशेषज्ञ सहितको सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गराउने, कृषि तथा पशुपालनलाइ सम्भाव्यता अध्ययन सहित व्यवसायीकरण, यन्त्रीकरण र बजारीकरणमा सहयोग पुर्याउने, माध्यामिक तह सम्म नेपाली/अंग्रेजी दुवै माध्यमको गुणस्तरीय र निशुल्क शिक्षाको व्यवस्थापन गर्न विद्यालयहरुलाई सहयोग गर्ने, वालमैत्री र सुविधायुक्त विद्यालय पुर्वाधार विकास गर्ने, युवा लक्षित स्वरोजगारमुलक सिप विकास तालिम तथा प्रविधि सहयोग उपलब्ध गराउने, कालिका मन्दिर, स्याउवारी, जिवजिवे निलकण्ठ महादेव मन्दिर लगायतको पर्यटकिय क्षेत्रहरुको गुरु योजना सहित विकास गर्ने, धोविखोला पराङ्से लगायतको पहिरो नियन्त्रणको लागि सहकार्य तथा समन्वय गर्ने, आवश्यकता बमोजिम विभिन्न सडक पुल तथा झो.पु. निर्माण गर्ने/गराउने लगायत यस कालिका गाउँपालिको समृद्धिमा जुटने भावनाको लागि आग्रह गर्दछु ।

अन्तमा, स्थानीय निर्वाचन जस्तो लोकतान्त्रिक प्रक्रियामा भाग लिइ मेरो प्रत्यासीको रुपमा रहनु भएका अन्य पाटीमा आवद्ध/स्वतन्त्र व्यक्तित्वहरुमा रचनात्मक प्रतिपक्षको भूमिकाको लागि हार्दिक अनुरोध गर्दछु ।साथै कालिका गाउँपालिकाको समग्र विकासका लागि म र मेरो नेतृत्वले खेल्नुपर्ने भूमिकाको सन्दर्भमा सकारात्मक सुझाव लिखित वा मौखिक रुपमा उपलब्ध गराई सहयोग पुर्याउनु हुन शिक्षक कर्मचारी बुद्धिजिवी संचारकर्मी समाजसेवी विकास प्रेमी उद्योगी व्यवसायी राजनितीकर्मी राष्ट्रसेवक कर्मचारी सबैमा यसै वक्तव्य मार्फत हार्दिक अनुरोध गर्दछु ।

.............................................
हरिकृष्ण देवकोटा
अध्यक्ष

हरिकृष्ण देवकोटा
अध्यक्ष